नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

# वैदेशिक रोजगार विभाग

# ई.पि.एस.कोरिया शाखा

ग्वार्को, ललितपुर ।

**Manufacturing बाट Agriculture & Livestocks क्षेत्र तर्फ रोष्टर परिवर्तन गर्ने सम्बन्धी सूचना ।**

प्रकाशित मितिः- २०८३।०६।२०

HRD Service of Korea बाट ०६ अक्टोबर, २०२६ मा प्राप्त पत्र अनुसार उत्पादनमुलक क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS TOPIK) उत्तीर्ण भई रोजगार आवेदन फाराम भरी रोष्टरमा रही रोष्टरको अवधि १५ मे, २०२६ भित्र सकिने ईच्छुक व्यक्तिहरुले कृषि तथा पशुपालन क्षेत्रतर्फ ३०० (तीन सय) जनाको रोष्टर परिवर्तन गर्न सकिने भनी नामावली सहितको तालिका प्राप्त हुन आएकोले यसै साथ संलग्न सूचीमा नाम समावेश भएका र रोष्टरको अवधि १५ मे, २०२६ भित्र समाप्त हुने ईच्छुक व्यक्तिहरुले तपसिल बमोजिमका बुँदाहरुलाई ध्यान दिई मिति २०८३।०६।२१ देखि मिति २०८३।०६।२९ (तद्नुसार ०७ अक्टोबर, २०२६ देखि १५ अक्टोबर, २०२६) सम्म यसै साथ संलग्न नमुमा फारामहरु **(फाराम १: रोष्टर परिवर्तन सम्बन्धी जानकारी र फाराम २: रोष्टर परिवर्तनको मञ्जुरीनामा पत्र)** प्रिन्ट गरी पूर्ण रुपमा आफ्नो विवरण भरी सो फाराममा राहदानी अनुसार दस्तखत गरी तपसिलमा उल्लिखित कागजातहरु संलग्न राखि तोकिएको अवधिमा कार्यालय समयमा स्वयं उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना sectorchange.eps@gmail.com मा आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>आवश्यक कागजातहरुः-</u>

१. पूर्ण रुपमा भरेको संलग्न २ वटा फारामहरु (फाराम १: **रोष्टर परिवर्तन सम्बन्धी जानकारी** र फाराम २: **रोष्टर परिवर्तनको मञ्जुरीनामा पत्र**)

२. राहदानी

३. परीक्षाको प्रवेश पत्र

**अनिवार्यरुपमा ध्यान दिनु पर्ने बुँदाहरुः**

१.आफनो विवरण भर्दा पुरा र शुद्ध संग भर्नु पर्ने छ। अपुर्ण र अशुद्ध विवरणको कारण फाराम रद्द भएमा सम्वन्धित व्यक्ति नै जवाफदेही हुने छ।

२.HRD Korea बाट प्राप्त मार्गनिर्देश बमोजिम यदि आवेदकको संख्या ३०० भन्दा बढी भएमा तपसिल वमोजिमको प्राथमिकताक्रम निर्धारण गरि रोष्टर परिवर्तन गरिनेछ ।

क. सबै भन्दा कम रोष्टर अवधि भएका पुरुष आवेदक,

**नोटः-** कृषि तथा पशुपालन क्षेत्रतर्फ रोष्टरमा महिलाको संख्या पुग संख्यामा देखिएको तर पुरुषको संख्या न्यून भएका कारण ।

३.यदि कसैको पहिलेनै रोजगारदाताले Labour Contract Issue गरिसकेको वा रोस्टर अवधि समाप्त भैसकेको वा कुनै कारणले अयोग्य भएमा रोष्टर परिवर्तन गर्न पाइने छैन।

४.Sector Change पछि रोस्टरको अवधि अघिल्लो रोष्टरको बाँकी अवधि बराबर नै हुनेछ। (रोष्टरको अवधि थप हुने छैन)

५.Sector Change हुनु भनेको कोरियामा रोजगारीको लागि जान पाउने ग्यारेन्टी हुदैन।

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ईपीएस शाखा कार्यालय
ग्वार्को, ललितपुर

ई.पि.एस. कोरिया शाखा

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर ।

# फाराम १: रोष्टरको क्षेत्र परिवर्तन सम्बन्धी जानकारी फाराम

| | | | |
|---|---|---|---|
| नाम, थर | | राहदानी नं. | |
| Registration.No. | | संलग्न लिष्टमा भएको सि.नं. | |
| EPS-TOPIK NO. | | Roster Approval Date | |
| सम्पर्क नं. | | Roster Expiry Date | |

**Industry: Agriculture & Livestocks (कृषि तथा पशुपालन)**

Sub-Industry:-जान चाहेको उपक्षेत्र मध्ये प्राथमिकता अनुसार क्रमशः १, २, ३ उल्लेख गर्नुहोस्

(a) Growing of Crops ☐ (b)Animal Production ☐

(c) Service Incidental to growing of crops and raising of Animals ☐

<u>शर्तहरु:</u>

1. मेरो रोष्टरको अवधि १५ मे, २०२६ भित्र समाप्त हुने साँचो हो ।
2. आवश्यक संख्या भन्दा अधिक भएमा क्षेत्र परिवर्तन कार्यालयको सूचना अनुसार हुने विषयमा मेरो मन्जुर छ।
3. कुनै रोजगारदाताले मेरो Labour Contract Issue गरेको छैन।
4. Sector Change पछि रोस्टरको अवधि अघिल्लो रोस्टरको बाँकी अवधि बराबर नै हुनेमा मेरो मन्जुर छ।
5. Sector Change हुनु भनेको कोरियामा रोजगारको लागि जान रोष्टर बस्नु मात्र हो, सतप्रतिशत कोरिया रोजगारिमा जान पाउने ग्यारेन्टी नभएको विषय मलाई राम्रो अवगत छ।

*माथि उल्लेखित सम्पुर्ण शर्तहरु मन्जुर छ। म मेरो स्व-ईच्छाले Agriculture & Livestocks Sector मा रोष्टर परिवर्तन गरेको हुँ। यस शर्त विपरित हुने गरी मेरो तर्फबाट कुनै दावी, विरोध/गतिविधि गर्ने छैन।*

निवेदक:

दस्तखत:

मिति:

श्रीमान् निर्देशकज्यू,
ई.पि.एस. कोरिया शाखा,
ग्वार्को, ललितपुर ।

मिति:-

**बिषय:- उत्पादनमूलकबाट कृषि तथा पशुपालन क्षेत्रमा परिवर्तनको मञ्जुरीनामा सम्बन्धमा ।**

म देहायका विवरण भएको उम्मेदवारले आफ्नो स्वेच्छाले तथा पूर्ण जानकारीका साथ सम्बन्धित सेक्टर/क्षेत्र परिवर्तन गर्न मञ्जुर गरेको/भएको व्यहोरा सहित यो मञ्जुरीनामा पेश गर्दछु।

| | | |
|---|---|---|
| १. | पूरा नाम | |
| २. | स्थायी ठेगाना | प्रदेश: ____________ जिल्ला: ____________<br>पालिका: ____________ वडा नं.: ____ टोल: ____________ |
| ३. | हालको ठेगाना | |
| ४. | बुबा/आमाको नाम | |
| ५. | जन्म मिति | |
| ६. | राहदानी नं. | |
| ७. | EPS-TOPIK (Admit card) NO. | |
| ८. | सम्पर्क नं. | |
| ९. | हालको सेक्टर/क्षेत्र | |
| १०. | परिवर्तन गर्न चाहेको सेक्टर/क्षेत्र | |

उपरोक्त विवरणमा उल्लिखित सेक्टर/क्षेत्र परिवर्तन सम्बन्धमा लागू हुने प्रचलित नियम, प्रक्रिया तथा सम्बन्धित निकायको निर्णयलाई म पूर्ण रूपमा स्वीकार गर्दछु। सेक्टर/क्षेत्र परिवर्तन पश्चात् यस विषयमा कुनै दाबी, आपत्ति वा विवाद उत्पन्न भएमा प्रचलित कानून तथा सम्बन्धित निकायको निर्णयबमोजिम हुने कुरामा समेत मेरो मञ्जुरी छ ।

यो मञ्जुरीनामा मैले पढी, बुझी, आफ्नो इच्छा र सहमतिमा सहीछाप गरी पेश गरेको हुँ।

**स्थान:** ____________________

उम्मेदवारको हस्ताक्षर:

औंठाछाप:

| | |
|---|---|
| | |

नाम: ________________

सम्पर्क नं.: ____________

..........................................................................................

**कार्यालय प्रयोजनका लागि**

| | | | |
|---|---|---|---|
| दर्ता नं. | | मिति | |
| जाँच गर्ने | | प्रमाणित गर्ने | |